नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
योजना तथा अनुगमन शाखा
सानोठिमी, भक्तपुर

प.सं. : ०८१/८२
च.नं. : ८९९

मितिः २०८३/१/१४

**विषयः विद्यार्थी स्थानान्तरण, परीक्षा व्यवस्थापन तथा विद्यालय समायोजनसम्बन्धमा सहजीकरण गर्ने बारे।**

**श्री स्थानीय तह, सबै।**

नेपाल सरकारले जोखिमयुक्त तथा सार्वजनिक जग्गामा रहेका अव्यवस्थित वस्तीहरूको व्यवस्थापन, संरक्षण तथा आवश्यकतानुसार स्थानान्तरण गर्ने विषयलाई थप प्राथमिकतामा राखी कार्यप्रारम्भ गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ। यस्ता बस्तीका विद्यार्थीहरू विद्यालय पहुँच, नियमित उपस्थिति, शैक्षिक सामग्री, सुरक्षित वातावरण लगायतका आधारभूत सुविधाबाट वञ्चित हुनसक्ने संभावनलाई मध्यनजर गर्दै विद्यार्थीहरूको पठनपाठन कार्य नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्न तपसिल बमोजिम सहजीकरण गर्न गराउनुहुन निर्णयानुसार अनुरोध छ।

१. **विद्यार्थी स्थानान्तरण सहजीकरणः** प्रभावित विद्यार्थीहरूलाई पायक पर्ने विद्यालयहरूमा स्थानान्तरण गर्न आवश्यक समन्वय गरी सहज वातावरण सिर्जना गर्ने।

२. **प्रगति विवरण पेश गर्नेः** विद्यार्थी स्थानान्तरण, समायोजन तथा शिक्षण सिकाइको निरन्तरता सम्बन्धी कार्यहरूको प्रगति विवरण यस केन्द्रमा पठाउने व्यवस्था मिलाउने।

३. **कक्षा १२ का परीक्षार्थीका लागि सहजीकरणः** कक्षा १२ का परीक्षार्थीहरूलाई तोकिएको परीक्षा केन्द्रसम्म सुरक्षित रूपमा आउन जान आवश्यक यातायात तथा अन्य सहजीकरणको व्यवस्था मिलाउने।

४. **विद्यालय समायोजन तथा दिगो व्यवस्थापनः** अव्यवस्थित वस्तीबाट प्रभावित विद्यालयहरूको अवस्थाको मूल्याङ्कन गरी दिगो रूपमा स्थानान्तरण गर्ने वा नजिकका उपयुक्त विद्यालयहरूमा समायोजन गर्ने सम्बन्धमा आवश्यक निर्णय तथा कार्यान्वयन गर्ने।

५. **समन्वय र सहकार्यः** उपर्युक्त कार्यहरू कार्यान्वयन गर्न विद्यालय, अभिभावक तथा अन्य सरोकारवाला निकायहरूबीच आवश्यक समन्वय र सहकार्य सुनिश्चित गर्ने।

६. **अन्यः** उल्लेखित कार्यहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विद्यार्थीहरूको शिक्षामा निरन्तरता कायम राख्न विशेष ध्यान दिनुहुन अनुरोध छ। साथै, कार्यान्वयनको क्रममा देखा पर्ने समस्या तथा सुझावहरू यस केन्द्रमा उपलब्ध गराइदिनुहुन समेत अनुरोध छ।

१/१४

निलकण्ठ ढकाल
निर्देशक

**बोधार्थः**

**माननीय मन्त्रीज्यूको सचिवालय,**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**
**श्रीमान् सचिवज्यू,**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

फोन : ६६३४९७८, ६६३४९७९, ६६३४९८०, ६६३१०७५, ६६३११७१, ६६३११७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स : ६६३११७२, ६६३११७३, ६६३३६२५
Website: www.doe.gov.np, e-mail: doestat@mos.com.np, doedg@mos.com.np